अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/११/०९ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	प्रतिवादीहरु राजुभाई कुस्मा, सम्वर बहादुर कार्की, कमल स्याङतान, अच्युत प्रसाद फुयाल, प्रकाश कार्की, नरेन शाक्य, रेजु भट्टराई, श्याम सुन्दर चौधरी, लक्ष्मी श्रेष्ठ, रोशन राजभण्डारी, रिचा श्रेष्ठ र माया सेठी, गणेश अधिकारी मु.नं (०७८-CR-०११२) फैसला मिति २०८०/११/३०	सरकारी कागजात सच्याई भ्रष्टाचार गरेको।	**आयोगको माग दावी** •**तत्कालीन निमित्त कार्यालय प्रमुख सम्बर बहादुर कार्कीको हकमाः-** तत्कालीन निमित्त कार्यालय प्रमुख सम्बर बहादुर कार्कीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज प्रतिवादी सम्बर बहादुर कार्कीलाई उक्त कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ । •**तत्कालीन निमित्त कार्यालय प्रमुख राजुभाई कुस्माको हकमाः-**तत्कालीन निमित्त कार्यालय प्रमुख राजुभाई कुस्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज प्रतिवादी राजुभाई कुस्मालाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुनमागदावी लिइएको अवस्था देखिन्छ •**मेकानिकल इन्जिनियर विजय राज गिरीको हकमाः-** मेकानिकल इन्जिनियर विजयराज गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज विजय राज गिरीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ । •**सहायक पाँचौं कमल स्याङतानको हकमाः-** सहायक पाँचौ कमल स्याङतानले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज कमल स्याङतान उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय	<u>फैसलाः</u> प्रतिवादी विजयराज गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ११ को कसुर गरेको देखिन आएकोले निजलाई कसुरको मात्रा र प्रकृति समेतका आधारमा सोही दफा बमोजिम १ बर्ष ४ महिना कैद र रु.३०,०००।-जरिवाना सजाय हुने ठहर्छ। प्रतिवादीहरु हरिभक्त श्रेष्ठ, दिपक विश्वकर्मा तथा बाबुराम शर्मा भन्ने उद्धव वहादुर खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मूल प्रतिवादीलाई भएको सजायको आधा अर्थात जनही ८ (आठ) महिना कैद र जनही पन्ध्र हजार जरिवानाको सजाय हुने अन्य प्रतिवादीहरु गणेश अधिकारी, कमल स्याङतान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी, रिचा श्रेष्ठ, नरेन शाक्य, राजुभाई कुस्मा र सम्वर बहादुर कार्कीले आरोप दाविबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ । **विशेष अदालतले आरोपदावीवाट राजुभाई कुस्मा समेतलाई सफाई दिने ठहरी फैसला गर्दा लिएका आधारहरु** •प्रतिवादीहरु राजुभाई कुस्मा र सम्वर बहादुर कार्की आफ्नो कार्यालयमा आउनु पूर्व नै प्रतिवादी विजयराज गिरिले User ID प्रयोग गरी विवादीत कार्य गर्दै आएको भन्ने अवस्था देखिएको । •प्रतिवादीहरु राजुभाई कुस्मा र सम्वर बहादुर कार्की आफ्नो कार्यालयमा आउनु पूर्व नै प्रतिवादी विजयराज गिरिले User ID प्रयोग गरी विवादीत कार्य गर्दै आएको भन्ने अवस्थामा निजहरु कार्यालय प्रमुख भएकै आधारमा आरोपित कसुर गरेको भन्ने मिसिल संलग्न प्रमाण कागजवाट देखिन नआएको। •प्रतिवादी गणेश अधिकारिको प्रतिवादी विजयराज गिरिसँग सम्पर्क रहेको भन्ने तथ्य मिसिल संलग्न तथ्यवाट पुष्टि हुन सक्ने अवस्था नदेखिएको। सिस्टममा सम्बन्धित व्यक्तिको नाम modification भएपछि वायोमेट्रिक लिने, Apply modification गर्ने	•**प्रतिवादी सम्वर बहादुर कार्की र राजुभाई कुस्माका हकमा** यातायात कार्यालय एकान्त कुनामा निमित्त कार्यालय प्रमुखको रुपमा कार्य गर्दा प्रतिवादी सम्वर बहादुर कार्कीको पालामा १५० थान अनुमती पत्र वनेको तथा प्रतिवादी राजुभाई कुस्माको पालामा ३८३ जनालाई सवारी चालक अनुमतिपत्र बनाइएको, निजहरुले विजय राज गिरीलाई विचौलिया हरिभक्त श्रेष्ठको काम गरिदिनु भनेर नवीकरण प्रमाणित गर्ने, Applicant Modify गर्ने समेतको Data Edit गर्ने अख्तियारी दिएकोमा यसरी वेगल प्रकृतिका काम गर्ने कर्मचारी समेतलाई प्रणालीमा रहेर काम लगाउन आई डि र पासवर्ड दिनु पर्ने नै कारण स्वभाविक रहे भएको भन्ने देखिन नआएको अवस्थामा के कति कारणले वेगल प्रकृतिका काम गर्ने कर्मचारी समेतलाई प्रणालीमा रहेर काम लगाउन आई डि र पासवर्ड दिनु पर्ने अवस्था आएको हो त्यसलाई वस्तुनिष्ठ तवरले प्रतिवादीले प्रमाणित गर्न नसकिरहेको अवस्थामा प्रतिवादीहरुको तर्कहिन इन्कारी वयानको आधारमा आरोपदावीवाट नै सफाई हुने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ। प्रतिवादीहरुले आफ्नो जिकिरलाई वस्तुपरक र कानूनले मान्यता दिएका प्रमाणवाट पुष्टि वा खण्डन गर्न तथ्ययसक्त र वस्तुनिष्ठ प्रमाण प्रस्तुत गर्न नसकेको कुनै अवस्थामा अपुष्ट भनाई राखेकै आधारमा अदालतले पनि त्यसैलाई आधार ग्रहण गर्न नमिल्ने हुने प्रतिवादीहरुको कोरा इन्कारी वयानलाई आधार लिई सफाई दिने गरी भएको फैसला त्रुर्टीपूर्ण रहेकोले जदर गरीपाउ । •**प्रतिवादी सम्वर बहादुर कार्की र राजुभाई कुस्मा कार्यलय प्रमुखको भूमिकामा रहेको र** कार्यालय प्रमुखको काम भनेको नै अनुगमन र निरीक्षण गरी गलत काम वा गतिविधिलाई रोक्नु वा कार्यालयवाट कार्य सम्पादनकव क्रममा हुने गलत काम कारवाही र प्रणालीको दुरुपयोग रोक्नु हुन्छ। यसका लागि निज कार्यलय प्रमुखलाई जानकारी पनि हुनुपर्ने हुन्छ। यी कार्यालय प्रमुख भई काम गर्ने प्रतिवादीहरुलाई कुन कर्मचारीले आफ्नो पासपोर्ट प्रयोग गरी पर्सनल आई डी लग ईन गरेको काममा दुरुपयोग भएको छ भन्ने तथ्यको जानकारी लिनुपर्ने कर्तव्यमा आफ्नो कुनै सकरात्मक तत्परता नदेखाईरहेको भन्ने अवस्था देखिंदा देखिंदै र सरकारी कागज सच्याउनमा मिलोमतो गरेको भन्ने प्रष्ट देखिरहेकोमा त्यसतथ्यलाई अन्देखा गरी **प्रतिवादी सम्वर बहादुर कार्की र राजुभाई कुस्मालाई आरोपदावीवाट नै सफाई हुने ठहर गरी भएको फैसला त्रुर्टीपूर्ण भई बदरभागी रहेको छ** । •**प्रतिवादीहरु सम्वर बहादुर कार्की र राजुभाई कुस्मालाई** सामान्यतया सवारी चालक अनुमति पत्र नवीकरणमा कुनै भुमिका नै नहुने प्राविधिक तर्फका मेकानिकल इन्जिनियर विजय राज गिरीलाई लिखित पत्रसाथ अख्तियारी नदिई मौखिक रुपमा अपारदर्शी किसिमले सवारी चालक अनुमति पत्र नवीकरण प्रमाणित (Approve)गर्ने, Partial papercard entryगर्ने र विवरणहरु परिवर्तन (Applicant Modify)गर्ने सहितको Data Edit Optionको अख्तियारी दिएको र निज मेकानिकल इन्जिनियर विजय राज गिरीले उक्त अख्तियारीको प्रयोग गरेर २३३ वटा स्वत: रद्द भइसकेका सवारी चालक अनुमतिपत्रहरुको Partial papercard entryगरेर बदनियतपुर्वक नवीकरणको म्याद थप्ने (extend of date of expiry) काम गरी पुन:नवीकरण गर्न मिल्ने बनाई अर्को नयाँ व्यक्तिको नाममा सवारी चालक अनुमतिपत्र बनाइदिएको साथै ६७ जना सवारी चालकको व्यक्तिगत विवरण परीवर्तन (Applicant Modify) गरेको एवं ५०६ जना सवारी चालकको सवारी चालक अनुमति पत्र नवीकरण प्रमाणित गरेर एक सवारी चालकको नामको सवारी चालक अनुमति पत्र अर्को नँया व्यक्तिको नाममा नवीकरण गरेर जारी गरी अनाधिकृत एवं गैह्रकानूनी तरीकाले सरकारी कागजात सच्याएको भन्ने EDLVRS हेर्ने सम्बन्धित **विशेषज्ञ सन्तोष पोखरेले** EDLRS मा

			हुन मागदावी लिइएको अवस्था देखिन्छ । •**सिनियर मेकानिक्स अच्युत प्रसाद फुयालको हकमाः**-सिनियर मेकानिक्स अच्युत प्रसाद फुयालले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज अच्युत प्रसाद फुयाल उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ । •**कम्प्युटर अपरेटर (करार सेवा) पदमा कार्यरत प्रकाश कार्कीको हकमाः-** कम्प्युटर अपरेटर (करार सेवा) प्रकाश कार्कीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज प्रकाश कार्कीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ। •**कम्प्युटर अपरेटर (करार सेवा) पदमा कार्यरत रेजु भट्टराईको हकमाः-** कम्प्युटर अपरेटर (करार सेवा) रेजु भट्टराईले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज रेजु भट्टराईलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ। •**कम्प्युटर अपरेटर (करार सेवा) पदमा कार्यरत लक्ष्मी श्रेष्ठको हकमाः-** कम्प्युटर अपरेटर (करार सेवा) लक्ष्मी श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज लक्ष्मी श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ । •**कम्प्युटर अपरेटर (करार सेवा) पदमा कार्यरत श्याम सुन्दर चौधरीको हकमाः-** कम्प्युटर अपरेटर (करार सेवा) श्याम सुन्दर चौधरीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज श्याम सुन्दर चौधरीलाई	भनिएका प्रतिवादीहरु कमल स्याङ्तान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी, रिचा श्रेष्ठ तथा नरेन शाक्यको कार्य वदनियतपूर्वक भएको देखिन देखिन नआएको ।	अनुमतिपत्रको विवरण सच्याउन पाउने व्यवस्था रहेको हुने र त्यो नै Applicant Modify **हो** जसले विवरण सच्याउंछ सोही कर्मचारीको नाम लग हिस्टोरीमा बस्छ भन्ने **राय** सहितको प्रतिवेदन दिएको साथै निज विशेषज्ञ सन्तोष पोखरेलले अदालतमा गरेको बकपत्रको स ज १६ मा EDVLRS मा अनुमतिपत्रको विवरण सच्याउन पाउने व्यवस्थालाई Applicant Modify भनिन्छ भनी लेखाएको पाईन्छ। फेरी निज सन्तोष पौडेलको बकपत्रको स ज १८ मा जुन युजर आईडीले जतिपटक Applicant Modify गर्यो सबै log history data मा बस्ने व्यवस्था भएको भनी लेखाएको पाईन्छ । जसलाई प्रमाण ऐन २०३१ को दफा १८ बमोजिम ग्रहण गर्न मिल्ने नै देखिन्छ ।साथै मिति २०७८/११/०४ गतेको यातायात व्यवस्था बिभाग, मीनभवनको पत्रसाथ प्राप्त उल्लेखित ५३४ जना सवारी चालकहरुको EDLVRS प्रणालीमा सवारी चालक अनुमतिपत्रको बायोमेट्रिक परिवर्तन गरिएको मिति, परिवर्तन गर्ने User, नवीकरण गरिएको मिति, नवीकरण प्रमाणित गर्ने User, Applicant Modify गरिएको मिति, Applicant Modify गर्ने User, मेडिकल गर्ने, राजश्व रसिद इन्ट्रि गर्ने लगायतका मिसिल सामेल विवरणवाट देखिरहेको अवस्थामा सो तथ्य तर्फ अन्देखा गरी गलत मनसायले विचौलियासँग मिलोमतो गरी मातहतका कर्मचारिलाई मौखिक अख्तियारी दिई गलत नियतका साथ सवारी चालक अनुमतिपत्र नविकरण गर्ने प्रतिवादीहरुलाई सफाई दिई भएको त्रुर्टिपूर्ण फैसला वदर गरीपाउ। •**प्रस्तुत मुद्दाका प्रतिवादीहरु कमल स्याङतान**ले २८२ जनाको बायोमेट्रिक गरेको र २२३ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ३१२ जनाको Applicant Modify समेत गरेको, **सिनियर मेकानिक्स अच्युत प्रसाद फुयाल**ले २६ जनाको बायोमेट्रिक र ६ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ७ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटेर (करार सेवा) प्रकाश कार्की**ले ६६ जनाको बायोमेट्रिक र ३० जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ५६ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटर (करार सेवा) रेजु भट्टराई**ले ३७ जनाको बायोमेट्रिक र ११ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै २६ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटर (करार सेवा) रिचा श्रेष्ठ**ले ७५ जनाको बायोमेट्रिक लिएको र, **कम्प्युटर अपरेटर (करार सेवा) लक्ष्मी श्रेष्ठ**ले १३ जनाको बायोमेट्रिक र ६ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ८ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटर (करार सेवा) माया सेठी**ले ७ जनाको बायोमेट्रिक र ४ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ८ जनाको Applicant Modify समेत गरेको, **कम्प्युटर अपरेटेर (करार सेवा) श्याम सुन्दर चौधरी**ले १५ जनाको बायोमेट्रिक र ६ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ६ जनाको Applicant Modify समेत गरेको र **कम्प्युटर अपरेटेर (करार सेवा) रोसन राजभण्डारी**ले ६ जनाको बायोमेट्रिक मात्रै र ४ जनाको बायोमेट्रिक र Applicant Modify दुवै गरेको साथै ५ जनाको Applicant Modify समेत गरेको भन्ने मिसिल संलग्न प्रमाणवाट देखिरहेको अवस्थामा सो तर्फ अन्देखा गरी प्रतिवादीहरुको ईन्कारी बयानलाई मात्र आधार ग्रहण गरी सफाई दिने गरी भएको फैसला त्रुर्टीपूर्ण भई वदरभागी रहेको छ । • प्रतिवादीहरु कमल स्याङ्तान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी र रिचा श्रेष्ठको भूमिका सम्बन्धमा हेर्दा निज प्रतिवादीहरुले सिस्टममा सम्बन्धित व्यक्तिको नाम modification भएपछि बायोमेट्रिक लिने, Apply modification गर्ने सम्म हो भन्ने निजहरो जिकिर लिएतापनि कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानून तथा न्यायको मान्य आधारभूत सिद्धान्त हो (मुलुकी अपराध संहिता २०७४ दफा ८, मुलुकी देवानी संहिता, २०७४ दफा ५)।यद्यपि दिनानुदिन नयाँ नयाँ बन्ने कानून, लगातार प्रतिपादित हुने नयाँ नयाँ नजिर, कानूनी सिद्धान्त लगायतबाट दिनानुदिन कानूनले आफ्नो आकार, क्षेत्र व्यापक पार्दै पहुँच बढाई जटिल भै रहेको स्थितिमा कानूनको सहि र यथार्थ ज्ञान कानूनका विशेषज्ञ वा विज्ञ व्यक्तिहरु समेतलाइ हुन सकेको

			भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ। •**कम्प्युटर अपरेटर (करार सेवा) पदमा कार्यरत माया सेठीको हकमाः-** कम्प्युटर अपरेटर (करार सेवा) माया सेठीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज माया सेठीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ । •**कम्प्युटर अपरेटर (करार सेवा) पदमा कार्यरत रोसन राजभण्डारीको हकमाः-** कम्प्युटर अपरेटर (करार सेवा) रोसन राजभण्डारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज रोसन राजभण्डारीलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ । •**कम्प्युटर अपरेटर (करार सेवा) पदमा कार्यरत रिचा श्रेष्ठको हकमाः-** कम्प्युटर अपरेटर (करार सेवा) रिचा श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर गरेकोले निज रिचा श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ बमोजिम सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ। •**विचौलिया हरिभक्त श्रेष्ठको हकमाः-** हरिभक्त श्रेष्ठले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा दफा २२को प्रतिबन्धात्मक वाक्यांश अनुसारको मतियारका रुपमा कसुर गरेकालेनिज हरिभक्त श्रेष्ठ उपरभ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ को कसुरमा दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अनुसार ऐ.ऐनको दफा ११ बमोजिम नै सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ।		हुँदैन। तथापि यस सिद्धान्तले तय गरेको आधारलाइ अवलम्वन नगरिएमा कानूनको शासनको आधार र मान्यताहरुनै समाप्त हुन जाने र कानूनी अराजकता हुन सक्ने भएकोले 'कानूनको अज्ञानता क्षम्य हुँदैन' भन्ने सिद्धान्तलाई सामान्य व्यक्तिलाई समेत कानूनको ज्ञाता सरह मानेर कडाईका साथ लागु गरिन जरुरी हुन्छ । यो न्यायिक वाध्यता नै हो भनी **(ने.का.प २०६३ भाग ४८ अंक११ निर्णय नं.७७९१ प्रमोद कुमार जलान बिरुद्ध शम्भुनाथ गुप्ता प्रकरण २०)** सर्वोच्च अदालतले व्याख्या गरेको अवस्थामा प्राप्त जिम्मेवारीको आधारमा बायोमेट्रिक र applicant modify भएको गरेको भन्ने जिकिर लिएतापनि आफ्नो जिम्मेवारी अन्तर्गतको कार्य सम्पादन गर्न प्राप्त गरेको अख्तियारी दुरुपयोग गरी एक सवारी चालकको नामको सवारी चालक अनुमति पत्र अर्को नँया व्यक्तिको नाममा नवीकरण गरेर जारी गर्ने काम गरेर निज प्रतिवादीहरुले अनाधिकृत एवं गैह्रकानूनी तरिकाले सरकारी कागजात सच्याउने कार्य गरेको तथ्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ अनुसारको कसुर भएको पुष्टि भईरहेकोमा सो तर्फ अन्देखा गरी प्रतिवादीहरु कमल स्याङ्तान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी र रिचा श्रेष्ठ समेतलाई आरोपदावी वमोजिम नै सजाय हुनुपर्नेमा सफाई दिने गरी भएको फैसला त्रुर्टीपूर्ण भई वदरभागी रहेको छ । •गणेश अधिकारी तथा नरेन शाक्यको हकमा हेर्दा, निज गणेश अधिकारी समेतले तत्कालीन कार्यालय प्रमुखहरु सम्बर बहादुर कार्की र राजुभाई कुस्मा, मेकानिकल इन्जिनियर विजय राज गिरी र अन्य कर्मचारीहरुलाई प्रभाव र प्रलोभनमा पारी उल्लेखित यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुनाका प्रतिवादी बनाइएका कर्मचारीहरुको सहयोग र मिलेमतोमा नयाँ सवारी चालक अनुमतिपत्र लिन चाहने व्यक्तिहरुलाई लिखित र ट्रायल परीक्षा बिना नै सरकारी निकायमा रहेका कागजात गैह्रकानूनी तरिकाले सच्याई नवीकरणको बाटोबाट सवारी चालक अनुमतिपत्र बनाइदिने कार्यमा मतियारको काम गरेको पुष्टि हुन आएको तथा **विचौलिया नरेन शाक्यले** एक सवारी चालकको नामको सवारी चालक अनुमतिपत्र अर्को नयाँ व्यक्तिको नाममा नवीकरण गरेर जारी गर्ने क्रममा यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुनामा मेडिकल शाखामा सहयोगीको काम गर्ने नरेन शाक्यले मेकानिकल इन्जिनियर विजय राज गिरीका मान्छेहरुलाई अच्युत प्रसाद फुयाल समक्ष लगेको र अच्युत प्रसाद फुयालले वायोमेट्रिक लिएको तथा निज नरेन शाक्यले विभिन्न व्यक्तिबाट रकम लिएर हरिभक्त श्रेष्ठ हुदै यातायात कार्यालयका सम्बन्धित कर्मचारीहरुलाई उपलब्ध गराइएको र निज नरेन शाक्य समेतले तत्कालीन कार्यालय प्रमुखहरु सम्बर बहादुर कार्की र राजुभाई कुस्मा, मेकानिकल इन्जिनियर विजय राज गिरी र अन्य कर्मचारीहरुलाई प्रभाव र प्रलोभनमा पारी उल्लेखित यातायात व्यवस्था कार्यालय, सवारी चालक अनुमतिपत्र, एकान्तकुनाका प्रतिवादी बनाइएका कर्मचारीहरुको सहयोग र मिलेमतोमा नयाँ सवारी चालक अनुमतिपत्र लिन चाहने व्यक्तिहरुलाई लिखित र ट्रायल परीक्षा बिना नै सरकारी निकायमा रहेका कागजात गैह्रकानूनी तरिकाले सच्याई नवीकरणको बाटोबाट सवारी चालक अनुमतिपत्र बनाइदिएको भन्ने व्यहोरालाई समर्थित हुने गरी वादी नेपाल सरकारका साक्षी राकेश तामाङ्ग समेतले गरेको वकपत्र प्रमाण ऐन २०३१ को दफा १८ वमोजिम प्रमाणमा ग्रहण गर्न मिल्ने नै हुदाहुदै पनि सो तर्फ अन्देखा गरी प्रतिवादीहरु नरेन शाक्य र गणेश अधिकारीलाई आरोपदावीबाट नै सफाई दिने गरी भएको फैसला त्रुर्टिपूर्ण भई वदरभागी रहेको छ। • अतः यसमा विशेष अदालतले गरेको प्रस्तुत फैसला उपर प्रतिवादीहरु राजुभाई कुस्मा, सम्बर बहादुर कार्की, कमल स्याङ्तान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी, रिचा श्रेष्ठ, नरेन शाक्य तथा गणेश अधिकारीको हकमा आरोपदावीबाट नै सफाई दिने गरी भएको प्रस्तुत फैसला त्रुटिपुर्ण देखिएकोले निज प्रतिवादीहरु उपर आरोपपत्र मागदाबी बमोजिम सजाय गरीपाउँ ।

			•विचौलिया बाबुराम शर्मा भन्ने उद्धव बहादुर खत्रीको हकमाः- बाबुराम शर्मा भन्ने उद्धव बहादुर खत्रीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा दफा २२को प्रतिबन्धात्मक वाक्यांश अनुसारको मतियारका रुपमा कसुर गरेकाले निज बाबुराम शर्मा भन्ने उद्धव बहादुर खत्री उपरभ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ को कसुरमा दफा २२ को प्रतिबन्धात्मक बाक्यांश अनुसार ऐ.ऐनको दफा ११ बमोजिम नै सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ । **•विचौलिया दिपक विश्वकर्माको हकमाः-** विचौलिया दिपक विश्वकर्माले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा दफा २२को प्रतिबन्धात्मक वाक्यांश अनुसारको मतियारका रुपमा कसुर गरेकाले निज दिपक विश्वकर्मा उपर भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ को कसुरमा दफा २२ को प्रतिबन्धात्मक बाक्यांश अनुसार ऐ.ऐनको दफा ११ बमोजिम नै सजाय हुन मागदावी मागदावी लिइएको अवस्था देखिन्छ । **•विचौलिया गणेश अधिकारीको हकमाः-** गणेश अधिकारीले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा दफा २२को प्रतिबन्धात्मक वाक्यांश अनुसारको मतियारका रुपमा कसुर गरेकाले निज गणेश अधिकारी उपरभ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ को कसुरमा दफा २२ को प्रतिबन्धात्मक बाक्यांश अनुसार ऐ.ऐनको दफा ११ बमोजिम नै सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ। **विचौलिया नरेन शाक्यको हकमाः-** नरेन शाक्यले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ को कसुरमा दफा २२को		

			प्रतिबन्धात्मक वाक्यांश अनुसारको मतियारका रुपमा कसुर गरेकाले निज नरेन शाक्य उपरभ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ११ को कसुरमा दफा २२ को प्रतिबन्धात्मक वाक्यांश अनुसार ऐ.ऐनको दफा ११ बमोजिम नै सजाय हुन मागदावी लिइएको अवस्था देखिन्छ . **<u>फैसला</u>** प्रतिवादी विजयराज गिरीले भ्रष्टाचार निवारण ऐन, २०५९को दफा ११ को कसुर गरेको देखिन आएकोले निजलाई कसुरको मात्रा र प्रकृति समेतका आधारमा सोही दफा बमोजिम १ बर्ष ४ महिना कैद र रु.३०,०००।- (तीस हजार रुपैया) जरिवाना सजाय हुने ठहर गरी साथै प्रतिवादीहरु हरिभक्त श्रेष्ठ, दिपक विश्वकर्मा तथा बाबुराम शर्मा भन्ने उद्धव वहादुर खत्रीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ वमोजिम मूल प्रतिवादीलाई भएको सजायको आधा अर्थात जनही ८ (आठ) महिना कैद र जनही पन्ध्र हजार जरिवानाको सजाय हुने अन्य प्रतिवादीहरु गणेश अधिकारी, कमल स्याङ्तान, अच्युत प्रसाद फुँयाल, प्रकाश कार्की, रेजु भट्टराई, लक्ष्मी श्रेष्ठ, श्याम सुन्दर चौधरी, माया सेठी, रोशनराज भण्डारी, रिचा श्रेष्ठ, नरेन शाक्य, राजुभाई कुस्मा र सम्वर बहादुर कार्कीले आरोप दाविबाट सफाई पाउने ठहरी फैसला भएको देखिन्छ ।		